घरपफ्कोङ गाउँपालिका

## गाउँ कार्यपालिकाको ३०औं बैठकको निर्णयहरु

मिति २०८१।२।२७

घरपफ्कोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

**प्रस्ताव नं. १ :-**

अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

**निर्णय नं. १ :-**

यस गाउँ कार्यपालिकाको मिति २०८१।१।२३ गते बसेको २९औं बैठकमा जम्मा ९ वटा निर्णयहरु भएकोमा निर्णय नं. १ मा गत बैठकको समिक्षा गरिएको थियो, निर्णय नं. ४ उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०८१ स्वीकृत गरिएको थियो र निर्णय नं. ९ मा नियमित कामकाजमा असर नपर्ने गरी अध्ययन भ्रमणको कार्यक्रम रहेकोमा अध्ययन भ्रमणको कार्यक्रम हुनसकेन र अन्य सबै ६ वटा निर्णयहरु कार्यान्वयन भएको जानकारी भयो ।

**प्रस्ताव नं. २ :-**

वडा नं. १ छैरोको भत्केको बाटो व्यवस्थापन सम्बन्धमा ।

**निर्णय नं. २ :-**

चालु आर्थिक बर्षको विशेष अनुदान तर्फको मार्फा-छैरो जोड्ने बेलीब्रिज निर्माण योजना कार्यान्वयनमा छैरो साईड तर्फ फाउण्डेसन खन्दा जमिन भासिन गई छैरो चिमाङ गर्ने एक मात्र बाटो भत्किएकोले तत्काल मर्मत गर्नु पर्ने भएको र फेन्सीङ जाली तारवार समेत गर्नु पर्ने भएकोले प्राविधिक ईस्टिमेट बमोजिमको रकम रु.३९,४६५।४१ काम सम्पन्न गरी अन्य पूर्वाधार शिर्षकबाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. २ :-**

मार्फा-छैरो बेलिबृज सम्बन्धमा ।

**निर्णय नं. २ :-**

राष्ट्रिय योजना आयोगको चालु आ.ब. को स्वीकृत कार्यक्रम अनुसार निर्माण कार्य भई रहेको मार्फा-छैरो बेलिबृजको सन्दर्भमा छलफल हुँदा, बेलीबृजको निर्माण भई रहेको एब्यूटमेन्टलाई तुरन्तै संरक्षण गर्नु पर्ने देखिएको हुँदा उक्त योजनाको ठेक्का प्रक्रियामा जाँदा बचत भएको रकम रु.२४,००,५०८।१० बाट आवश्यक पर्ने एब्युटमेन्ट संरक्षण गर्न संरचना निर्माण गर्नका लागि प्राविधिकबाट लागत अनुमान गराई हाल ठेक्का पाई काम गरिरहेको निर्माण कम्पनी सहमतिमा आएको अवस्थामा सोही निर्माण कम्पनी सँग पूर्व सम्झौताको शर्त बमोजिम काम गर्ने गरी भेरिएसनको आदेश दिने सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित ।
081/02/26

**प्रस्ताव नं. ३ :-**

मेडिकल ल्याब असिष्टेन्टको करार पदपुर्तिको अनुमोदन सम्बन्धमा ।

**निर्णय नं. ३ :-**

यस गाउँपालिकाको गाउँसभाको १३ औं अधिवेशनबाट मार्फा स्वास्थ्य चौकीको लागि स्वीकृत ल्याब असिष्टेन्ट (चौथो तह) को दरबन्दी करारमा पदपुर्ति गर्ने प्रक्रिया अघी बढेकोलाई अनुमोदन गर्ने निर्णय गरियो । साथै ल्याब असिष्टेन्ट (चौथो तह) लाई चौथो तह सरहको कर्मचारीले पाउने मासिक तलब स्केल पारिश्रमिक दिने समेत सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ४ :-**

ईन्फ्रारेड चुलो सम्बन्धमा ।

**निर्णय नं. ४ :-**

चालु आ.ब. को वैकल्पिक उर्जा प्रबर्द्धन केन्द्र र यस गाउँपालिकाको सहकार्यमा खाना पकाउने ग्यासको प्रयोग लाई न्युनिकरण गर्दै जाने कार्यक्रम अन्तर्गत यस गाउँपालिकाका स्थायी बसोबासीका लागि ९० प्रतिशत अनुदानमा बिद्युतिय ईन्फ्रारेड कुकटप (चुलो) वितरण गर्ने कार्यक्रम अन्तर्गत खरिद गरिएको ४०८ थान चुलो वितरण गर्दा १०५ घरधुरीहरुलाई नपुग हुने देखिएको हुँदा ठेक्काको प्रक्रियामा जाँदा यसै कार्यक्रमबाट बचत हुने रकम र लाभग्राहीबाट उठ्ने रकममा अपुग हुन आउने रकम रु.२,६०,०००।- समपूरक कोष/विविध तथा अन्य पूर्वाधार शिर्षकबाट भुक्तानी दिने गरी कार्यक्रम सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ५ :-**

वडा नं.४ को बाल उद्यान व्यवस्थापन सम्बन्धमा ।

**निर्णय नं. ५ :-**

यस गाउँपालिका ४ नं. वडा कार्यालय नजिक रहेको बाल उद्यानलाई प्रयोगमा ल्याउनका लागि बाल उद्यानको अगाडीको पार्कमा व्यायम गर्ने उपकरणहरु राख्ने, बाल उद्यान र पार्क बिचको गेटलाई खोल्ने साथै बालबालिका र पार्कमा जान चाहनेहरुको सहज रुपमा पार्कमा प्रवेश गर्न मिल्ने व्यवस्थाको लागि हाल मुख्य गेट रहेको ठाउँमा रिभोल्बिङ गेट राख्ने र उक्त गेट व्यवस्थापन गर्नका लागि प्राविधिकबाट लागत अनुमान तयार गरी प्रक्रिया अघि बढाउने र लागत खर्च रकम अन्य पूर्वाधार शिर्षकबाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ६ :-**

राजश्व सम्भाव्यता अध्ययन प्रतिवेदन सम्बन्धमा ।

**निर्णय नं. ६ :-**

यस गाउँपालिकाको मिति २०८०।१२।२२ गते बसेको गाउँ कार्यपालिका बैठकले गठन गरेको राजश्व सम्भाव्यता अध्ययन समितिका संयोजक ४ नं. वडा अध्यक्ष श्री याम प्रसाद थकालीज्यूले उक्त

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

समितिले तयार पारेको अध्ययन प्रतिवेदन प्रस्तुत गर्नु भयो उक्त प्रतिवेदन स्थानीय राजश्व परामर्श समितिमा छलफलको लागि पेश गर्ने गरी गाउँपालिका अध्यक्षज्यूलाई हस्तान्तरण गर्नु भयो ।

**प्रस्ताव नं. ७ :-**

वडामा राजश्व उठाउने सम्बन्धमा ।

**निर्णय नं. ७ :-**

चालु आ.ब. २०८०।८१ मा उठाउनु पर्ने राजश्वहरु उठाउनका लागि कार्यालयले ताकेता गर्ने र राजश्व परामर्श समितिका सबै पदाधिकारीहरु र सम्बन्धित वडाका वडा अध्यक्षको संयुक्त टोली बनाई राजश्व उठाउनका लागि आवश्यक कार्ययोजना बनाई राजश्व उठाउने कार्यलाई तिव्रता दिने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ८ :-**

स्थानीय तह कार्यान्वयन समितिमा सदस्य मनोनयन गर्ने सम्बन्धमा ।

**निर्णय नं. ८ :-**

जिल्ला समन्वय समितिको कार्यालयको च.नं.१९६ मिति २०८१।१।१३ गतेको पत्र अनुसार महिला, शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद प्रस्ताव नम्बर १३२५, १८२० र अन्य पूरक प्रस्तावहरुको कार्यान्वयन सम्बन्धी दोश्रो राष्ट्रिय कार्ययोजना (२०७६/७७-२०७९/८०) मा व्यवस्था भएको ९.५ स्थानीय तह कार्यान्वयन समितिको बुँदा नं.३ प्रतिनिधि, स्थानीय तहका कार्यपालिका सदस्यहरुबाट एकजना महिला सहित समितिले तोकेको २ जना सदस्यमा यस कार्यपालिकाको तपसिलको सदस्यहरुलाई तोक्ने निर्णय गरियो ।

**तपसिल :-**

१) महिला सदस्य : श्री मणि सिरपाली, गाउँ कार्यपालिका सदस्य

२) श्री राजु प्रसाद लालचन, गाउँ कार्यपालिका सदस्य

**प्रस्ताव नं. ९ :-**

स्याउ तथा अन्य बालीमा देखिएको किराको प्रकोप सम्बन्धमा ।

**निर्णय नं. ९ :-**

स्याउ र अन्य बालीहरुमा हाल देखिएको लार्भा किराको प्रकोपको सम्दर्भमा छलफल हुँदा उक्त किराले स्याउ लगायत अन्य बालीहरुमा तिव्र रुपमा क्षति पुऱ्याई रहेको देखिएको हुँदा उक्त लार्भा किरा नियन्त्रणका लागि के गर्न सकिन्छ कृषि विकास शाखाबाट तुरुन्तै कार्य अघी बढाउने र नियमानुसार प्रयोग गर्न मिल्ने किटनाषक बिषादीहरु खरिद गर्नु पर्ने अवस्था भए ईस्टिमेट स्वीकृत गराई नियमानुसार औषधी/विषादी खरिद गर्ने र आगामी कार्यपालिका बैठकबाट अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित
०८१/०२/२८

**प्रस्ताव नं. १० :-**

गाउँपालिका भित्रका जग्गाहरुको मूल्य निर्धारण सम्बन्धमा ।

**निर्णय नं. १० :-**

यस घरपझोङ गाउँपालिका भित्रको जग्गाको लिखत रजिष्ट्रेशन पारित गर्ने प्रयोजनार्थ चालु बर्षको मूल्य, जग्गाको प्रकृति, उपयोग, चलनचल्तीको खरिद बिक्रि मूल्यको आधारमा आगामी आर्थिक बर्षको लागि मूल्य निर्धारण गर्नको लागि मालपोत कार्यालयमा मूल्य प्रस्ताव गरी पठाउने सम्दर्भमा छलफल हुँदा चालु आ.ब.को लागि मूल्य निर्धारण भए बमोजिमनै आगामी आ.ब.को लागि समेत जग्गाको मूल्य निर्धारण हुन मालपोत कार्यालयमा राय पठाउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ११ :-**

विभिन्न पत्रहरुबाट प्राप्त भएका सुझावहरुको सम्बन्धमा ।

**निर्णय नं. ११ :-**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्णय तथा सुझाव बमोजिम सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट मिति २०८१।२।१७, २०८१।१।२८, २०८१।१।२० (२ पत्र), २०८१।१।७, २०८०।१२।३० साथै हुलाक सेवा विभागको मिति २०८०।१२।३० गतेको पत्रहरुमा उल्लेख भएका व्यहोराहरु बारे जानकारी भयो, प्राप्त भएका सुझावहरुलाई क्रमश: कार्यान्वयन गर्दै जाने सर्वसम्मत निर्णय गरियो ।